का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक १०६
- २५ जेठ २०७७, आइतबार
- 7 June 2020, Sunday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेट: शनिबार साँझसम्म | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | ३२३५ जना | ३६५ जना | ९२४७७ | २८५७ | १३ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ६८ लाख ८५ हजार | ३३ लाख ७५ हजार | ३ लाख ९९ हजार | ३१ लाख १० हजार |

स्रोत : वर्ल्डोमिटर डटकम




# क्वारेन्टिन समस्या

- शनिबारसम्म ५० हजारलाई वेड अभाव
- कतै भीरमा, कतै गोठमा क्वारेन्टिन
- क्वारेन्टिनका सबैलाई पीसीआर नगरिने

**भारतसँग सीमा जोडिएका २० नाका खुला गर्ने निर्णय गरेको सरकारले शुक्रबार देखि तेस्रो मुलुकबाट पनि नेपाली ल्याउन थालिएको छ । तर, देशभर बनेका क्वारेन्टिन अहिले नै अभाव भइरहेकाले देश फर्कनेहरूलाई कहाँ व्यवस्थापन गर्ने भन्नेबारे सरकार नै अन्योलमा छ ।**

मध्यान्ह संवाददाता
काठमाडौं, २४ जेठ ।

सरकारले शुक्रबार देखि तेस्रो मुलुकमा रहेका नेपालीहरु स्वदेश ल्याउन थालेको छ। गएको चैत ११ गते देखि जारी लकडाउनका कारण स्वदेश आउन नपाएकाहरुलाई सरकारले स्वदेश ल्याउन थालेको हो । केही दिन अगाडि भारतसँग सीमा जोडिएका २० नाका खुला गरेको छ ।

तर, स्थलगत आवागमन र हवाइ उडानबाट फर्किएकाहरुलाई कहाँ राख्ने भन्नेमा सरकार नै अन्योलमा छ । किनभने, अहिले नै देशभर बनेका क्वारेन्टिन वेड संख्या भन्दा ५० हजार बढी मानिस क्वारेन्टिनमा छन् ।

शनिबार दिउँसोसम्म देशभरका क्वारेन्टिनमा बस्नेको संख्या एक लाख ६८ हजार ३१ पुगेको छ । नियमित पत्रकार सम्मेलन गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले क्वारेन्टिन बस्ने नागरिकको संख्या सार्वजनिक गरेको छ । बितेको २४ घण्टामा क्वारेन्टिन बस्ने नागरिकको संख्या दुई हजार थपिएको छ । तर, शुक्रबार दिउँसो देखि शनिबार दिउँसोसम्म २४ घण्टामा चार हजार १११ जनाको पीसीआर र आरटीडी विधिबाट परीक्षण भएको छ। यो परीक्षण दर अघिल्लो दिन भन्दा एक सयले कमी हो ।

यदि, बिहीबारकै परीक्षण दर कायम रहने हो भने पनि क्वारेन्टिनमा रहेकाहरुको परीक्षण गर्न ४० दिन बढी लाग्नेछ । जबकी विश्व स्वास्थ्य संगठनको मापदण्डअनुसार, क्वारेन्टिनमा बसेको १४ दिनभित्रै परीक्षण गराउने गरिदै आएको छ। पहिले एक मात्र परीक्षण केन्द्रबाट परीक्षण गराउँदै आएकोमा अहिले देशभर



२४ परीक्षण केन्द्रबाट परीक्षण गराउन थालिएको छ । तर, चार हजारको हाराहारी नाघ्न सकेको छैन ।

अहिले देशभर बनाइएको क्वारेन्टिन वेड संख्या एक लाख १७ हजार ४४ मात्रै छ। क्वारेन्टिन वेड संख्या १५ जेठ पछि कति थपिए भन्ने मन्त्रालयले जानकारी दिएको छैन । तर, उल्लेख्य संख्या बढ्न सकेको छैन । वेड संख्या नथपिएकै कारण भारतबाट आउने नागरिकलाई विद्यालय, गाई गोठ र भीरमा राखिने गरेको तस्वीर सार्वजनिक भइरहेको छ। सरकारी तथ्यअनुसार पनि भएका क्वारेन्टिन वेड संख्या भन्दा ५० हजार बढी नागरिक क्वारेन्टिनमा छन् ।

तयार भएको बेड संख्या भन्दा बढी नागरिक राखिएकाले क्वारेन्टिनको बसाइँ व्यवस्थित हुन सकिरहेको छैन । क्वारेन्टिनमै नागरिकको ज्यान जाने र पछि कोरोना पुष्टि हुने गरेकाले पनि सरकार माथि प्रश्न उठिरहेको छ

तर, सरकारले क्वारेन्टिन रहेका सबैको पीसीआर परीक्षण नगर्ने कार्यविधि तयार पारेको छ। स्वास्थ्य मन्त्रालयले क्वारेन्टिनमै बस्ने सबैको पीसीआर परीक्षण नगरिने र परीक्षण गरिनेहरुको समूह निर्धारण गरेको छ । संक्रमण फैलिएको समुदाय, आइसोलेसनमा बसेका व्यक्ति र संक्रमितको सम्पर्कमा आएका व्यक्तिको मात्रै पीसीआर परीक्षण गराउने मन्त्रालयले निर्णय गरेको छ। यो कार्यविधि अनुसार, आइसोलेसनमा रहेका २५६८ नागरिक शनिबारको प्राथमिकतामा छन् भने दिनहुँ तीन सय सम्मको दरमा संक्रमित देखिने गरेकाले परीक्षण बाँकी पृष्ठ २ मा

# २४ घण्टामा दुईको मृत्यु, ३२३ संक्रमित

**२४ घण्टामा नेपालमा कोभिड महामारीबाट दुई जनाको मृत्यु र ३२३ जना संक्रमित पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । यो सँगै, मृतक संख्या १३ पुगेको छ भने संक्रमित संख्या ३२३५ पुगेको छ ।**



डोटीकादिपायल स्थित दिल्पेश्वर माबिको क्वारेन्टिनमा राखिएका भारतबाट फर्किका नागरिकको आरडिटी जाँच गर्दै स्वास्थ्यकर्मी । जिल्लामा कोरोना जाँच गर्ने किट आएसँगै आरडिटी जाँचको कार्यलाई तिब्रता दिइएको छ । तस्वीर : विमलबहादुर विष्ट

मध्यान्ह संवाददाता
काठमाडौं, २४ जेठ ।

कोभिड- १९ का कारणले शनिबार थप दुई जनाको मृत्यु भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गरेको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाले डोल्पा र कैलालीमा एक/एक जनाको कोभिड-१९ का कारणले मृत्यु भएको जानकारी दिए ।

उनका अनुसार धनगढी उपमहानगरपालिका वडा नं ४ कि ५५ वर्षीया महिला र डोल्पा जगदुल्लाका ५८ वर्षका पुरुषको कोभिड-१९ का कारण मृत्यु भएको हो । महिलाको डायलासिस गर्दागर्दै यही जेठ २३ गते र पुरुषको जेठ २१ गते राति मृत्यु भएको थियो ।

सेती प्रादेशिक अस्पतालमा मिर्गौलाको डायलासिस गराउन आएकी महिलाको मृत्यु भएको थियो । महिलाको सेती प्रादेशिक प्रयोगशाला र पुरुषको कर्णाली विज्ञान प्रतिष्ठानमा गरिएको परीक्षणमा कोभिड-१९ को संक्रमण देखिएको थियो ।

पुरुष सुर्खेतबाट जेठ १६ गते गएर जेठ १८ गते क्वारेन्टिनमा बसेका थिए । क्वारेन्टिनमा बसेका बेला उनको निधन भएको थियो। पुरुष दमका बिरामी रहेका थिए । कन्ट्याक्ट ट्रेसिङ गर्नका लागि कर्णाली विज्ञान प्रतिष्ठानबाट टोली गइरहेको छ । अहिलेसम्म मृत्यु हुनेको संख्या १३ पुगेको छ ।

मन्त्रालयका प्रवक्ता डा देवकोटाले आज थप ३२३ जनामा संक्रमण भएको पुष्टि गरे । विभिन्न प्रयोगशालामा गरिएको परीक्षणमा २८६ पुरुष र ३७ महिलामा बाँकी पृष्ठ २ मा

# नयाँ रोजगारी सिर्जना गर्न सांसद्हरूको माग

मध्यान्ह संवाददाता
काठमाडौं, २४ जेठ

सांसदहरुले कोरोना भाइरसका कारण विश्वव्यापीरुपमा आउने मन्दीका कारण ठूलो संख्यामा नेपाली युवाहरुले रोजगारी गुमाई स्वदेश फर्किने भएकाले उनीहरुलाई रोजगारी सिर्जना गर्ने कार्ययोजना बनाउन सरकारको ध्यानाकर्षण गरेका छन् ।

प्रतिनिधिसभा बैठकमा शनिबार भएको मन्त्रालयगत विनियोजन विधेयकमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका लागि विनियोजित बजेटमाथि धारणा प्रस्तुत गर्दै सत्तारुढ तथा प्रतिपक्षी दलका सांसदहरुले उक्त ध्यानाकर्षण गराएका हुन् ।

उनीहरुले कोरोना भाइरस संक्रमणले बेरोजगारीको समस्या नयाँ तरीकाले शुरु भएको भएपनि सरकारले पुरानै शैलीमा बजेट ल्याएकोले बढ्दो बेरोजगारी समस्या समाधानमा कठिनाई हुने बताए । उनीहरुले त्यसका लागि सरकारले व्यवसायीक कृषि, उद्योग र लघुउद्यममा जोड दिनुपर्ने माग गरे ।

निवर्तमान श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री गोकर्णराज विष्टले कोरोना भाइरस संक्रमणका कारण झण्डै १६ लाख नेपाली बेरोजगार बन्ने अवस्था रहेको भन्दै रोजगारी सिर्जनामा ध्यान दिनुपर्ने माग गरे । रोजगारी सिर्जनाका लागि देशको आन्तरिक उत्पादनलाई संरक्षण गर्नुपर्नेमा उनको जोड थियो । व्यापकरुपमा नेपाली उद्योगहरु सञ्चालनमा नल्याएसम्म रोजगारी र स्वाधिन अर्थतन्त्रको विकास गर्न नसकिने उनको भनाइ थियो ।

सबैभन्दा धेरै घण्टा काम गर्ने ३८ प्रतिशत कामदार नै सबैभन्दा धेरै गरिब भएको भन्दै पूर्व मन्त्री विष्टले परम्परागतरुपमा गरिने व्यवस्थाले सुधार नहुने हुँदा परिस्थितिलाई नै बदल्नु आवश्यक रहेको बताए। वैदेशिक रोजगारीका क्रममा अलपत्र परेका नेपाली कामदारको सुरक्षा र स्वदेश फिर्ताको लागि रोजगारदाता र गन्तव्य देशलाई नै जिम्मेवारी बनाउनुपर्ने उनको भनाइ छ ।

नेपाली कांग्रेसले गठन गरेको छाया सरकारमा श्रम मन्त्रालय हेर्ने जिम्मेवारी पाएकी डा. डिला संग्रौलाले सरकारले ल्याएका 'आफ्नो गाउँ, आफैं बनाऔं' र 'प्रधानमन्त्री रोजगार कार्यक्रम'ले वास्तविक श्रमिकको हित गर्नुको सट्टा आफ्ना कार्यकर्तालाई पोस्ने भन्दै ती कार्यक्रमहरुले उत्पादन नबढाउने बरु विकृति बढाउने दाबी गरिन् । उनले भनिन, 'यी कार्यक्रमहरुले वास्तविक रुपमा श्रमिकहरुले आत्मनिर्भर भई स्वरोजगारको बाटो अंगाल्न सक्दैनन् भने यसले अनियमितता बढाउनुका साथै काम गर्ने संस्कृतिलाई पनि निरुत्साहित गर्दछ ।'

नेमकिपाका सांसद प्रेम सुवालले पहिलेका सरकारहरुले नेपाली युवाहरुलाई वैदेशिक रोजगारीमा पठाएर गल्ती गर्दा अहिले समस्या उत्पन्न भएको भन्दै विगतमा खर्बौं कुम्लाउने वैदेशिक रोजगार व्यवसायीहरुको खोजी गरी उनीहरुबाट कामदारहरुको उद्धार गर्नुपर्ने धारणा राखे ।

नेकपा सांसद देवेन्द्र पौडेलले अर्थमन्त्रीले पेश गरेको बजेटले बेरोजगारी समस्या समाधान गर्न पूर्णत: असफल हुने दाबी गरे। उनले भने, 'बजेटमा विभिन्न क्षेत्रबाट गरी ८ लाख रोजगारी सिर्जना गर्ने भनिएको छ । तर मैले चार चोटी पढें तर कहिँकतै मेल खाँदैन। लगातार विगत तीन आर्थिक वर्षको पढें , तर केही फरक छैन । कहाँबाट रोजगारी सिर्जना हुने हो, बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### श्रममन्त्रीले म्यानपावरसँग घुस मागेको आरोप

**काठमाडौं/मस–** नेपाली कांग्रेसका सांसद डा. अमरेशकुमार सिंहले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवमाथि ५ सय १२ म्यानपावर कम्पनीहरुहरुसँग एक/एक लाख रुपैयाँ मोलतोल गरिरहेको आरोप लगाएका छन् । शनिबार आर्थिक वर्ष २०७७/०७८ को विनियोजित बजेट अन्तर्गत श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका लागि विनियोजित बजेटमाथि छलफलमा भाग लिँदै नेपाली कांग्रेसका सांसद सिंहले उक्त आरोप लगाएका हुन् ।

वैदेशिक रोजगार ऐन २०६४ र नियमावलीमा म्यानपावर कम्पनीको ईजाजतपत्र नवीकरण गर्न पछिल्लो दुई आर्थिक वर्षमा प्रत्येक वर्ष कम्तीमा एकसय जना कामदार वैदेशिक रोजगारमा पठाएको प्रमाणित हुने कागजात समावेश गरिनुपर्ने व्यवस्था गरिएको छ ।

कोरोना भाइरस संक्रमणपछि त्यसलाई परिवर्तन गर्न गत चैत १६ गतेको मन्त्रिपरिषद् बैठकले वैदेशिक रोजगारमा एकसय जना कामदार नपठाएकै कारणबाट ईजाजतपत्रवाला संस्थाहरुको ईजाजत खारेजी हुने हालको व्यवस्था हटाउन वैदेशिक रोजगार बाँकी पृष्ठ २ मा

नेपाल आयल निगम

## नेपाल आयल निगम लि. को

## खाना पकाउने एल.पी. ग्याँस प्रयोगकर्ताहरूलाई सुरक्षासम्बन्धी अति आवश्यक सूचना

एल.पी ग्याँस अत्यन्त प्रज्वलनशील पदार्थ भएकोले यसको प्रयोगमा पर्याप्त शतर्कता र सावधानी अपनाउन जरुरी हुन्छ। यसैले खाना पकाउने ग्याँसको चुहावटबाट हुने दुर्घटनाबाट बच्न देहायका कुराहरुमा ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम लि. अनुरोध गर्दछ ।

### दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :

१. एल.पी. ग्याँस सिलिण्डर ल्याउँदा-लैजाँदा नगुडाऊँ, भान्छामा सिलिण्डर सधैं ठाडो राखी प्रयोग गरौं, सुताएर र घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर पाइप, चुल्हो जस्ता उपकरणहरु गुणस्तर प्रमाणित भएको मात्र प्रयोग गरौं । साथै हरेक २ (दुई) वर्षमा ग्यासको पाइप फेरौं ।
३. खाना पकाउँदा सधै झ्याल ढोका खुला राखौं र सुतिको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
४. काम सकिएपछि सधै रेगुलेटर बन्द गरौं ।

### ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू:

१. खाना पकाउने स्थानमा एल.पी. ग्याँसको तीखो गन्ध आइरहेको छ भने ग्याँस लिक भइरहेको छ भन्ने बुझ्नुपर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको (Knob) बन्द गरौं ।
२. ग्याँस हावाभन्दा गह्रौं हुने भएकोले भुइँमा बस्छ। यस्तो अवस्थामा ढोका र सबै झ्याल खुला गरौं र आगोको झिल्का निस्कने पदार्थ जस्तै ग्याँस चुल्हो, सलाई, लाइटर, धूप आदि नबालौं र बिजुली बत्ती, टर्चलगायत कुनै पनि विद्युतीय उपकरण नचलाऔं ।
३. ग्याँस लिक भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्भमा 'सेफ्टी क्याप' ढकन लगाएर घर बाहिर खुला ठाउँमा राखौं र छिटोभन्दा छिटो नजिकको ग्याँस विक्रेता वा सम्बन्धित ग्याँस उद्योगलाई खबर गरौं ।

## सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो

## उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेडद्वारा जारी

# ‘जनताप्रतिको जिम्मेवारी पूरा गर्न राष्ट्रिय अठोट आवश्यक’



**काठमाडौं /मस-** प्रतिनिधिसभाको आजको बैठकमा प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले जनताप्रतिको जिम्मेवारी पूरा गर्न सबै दल एक ठाउँमा उभिएर राष्ट्रिय अठोट गर्नुपर्ने आवश्यकता रहेको औँल्याएको छ । विनियोजन विधेयकमाथिको छलफलमा भाग लिँदै काँग्रेसका डा मीनेन्द्रप्रसाद रिजालले जनताप्रतिको जिम्मेवारी पूरा गर्न सबै राजनीतिक दल एक ठाउँमा बस्नको विकल्प नरहेको बताए ।

कोभिड-१९ बाट प्रभावित मुलुकमा त्यसको असर कम गर्न सरकारले ध्यान दिन नसकेको आरोप लगाउँदै रिजालले भने, ‘म अझै भन्छु, सँगै बसौँ । काम गरौँ । जनताप्रतिको जिम्मेवारी पूरा गरौँ, अहिलेको अवस्थामा सबै एक ठाउँमा उभिएर एउटा राष्ट्रिय अठोट गर्नुपर्ने आवश्यकता छ ।’

सदनमा विनियोजन विधेकमाथि खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै डा रिजालले सरकारमा पूँजीगत खर्च गर्न सक्ने क्षमता र योजना नभएको जिकिर गरे । उनले अर्थ मन्त्रालयको चालू खर्च रु २५ अर्बबाट घटाएर गत वर्ष झैँ रु आठ अर्बमा सीमित पारियोस् भनेर प्रस्ताव प्रस्तुत गरे ।

सीमाबाट एक जनामा कोभिड-१९ देखियो भने स्थिति भयावह हुने अवस्था रहेकाले त्यसको कल्पना गर्ने अवस्था नरहेको तर्फ उहाँले ध्यानाकर्षण गराए । उनले अर्थतन्त्र गम्भीर अप्ठ्यारोमा पर्छ भने हामीले साना साना कुरामा छलफल नगरी सङ्कल्प प्रस्ताव पारित गरेर पछि पूरक बजेट ल्याउन आग्रह गर्दा सरकारले नमानेको जनाउँदै बजेटले जनतालाई राहत दिन नसक्ने जिकिर गरे ।

अर्थतन्त्र सङकुचित हुँदै गएको अवस्थामा विप्रेषणमा २० प्रतिशत कम आउने देखिएको र खर्चयोग्य आम्दानी पाँच प्रतिशतले घट्ने चिन्ता रहेको बताउँदै उनले असार मसान्तसम्मको राजस्वसमेत अनुमान गर्न नसकेका बेला सरकारले अर्को वर्षको बजेट प्रस्तुत गर्नु निरर्थक छ भने ।

यही जेठ २२ गतेसम्म सरकारको आम्दानी जोड्दा रु ६८६ अर्ब र खर्च रु ८३१ अर्ब पुगेको तथा दुई दिन अघिसम्म आम्दानीभन्दा रु १४५ अर्ब खर्च बढी भइसकेको सन्दर्भ जोड्दै डा रिजालले आउने दिन अझै कठिनाइपूर्ण बन्ने जिकिर गरे । कोभिड -१९ को सङ्क्रमणसँग लड्न एक डेढ महिनाभित्र रु १०र१२ अर्बभन्दा घटीले नपुग्ने अवस्था रहेको जनाउँदै उनले बजेट स्वास्थ्यमा केन्द्रित गर्नुपर्नेमा जोड दिए । उनले राष्ट्रिय गौरवको आयोजना पूरा गर्न सक्ने क्षमता नरहेको विगतका उदाहरणले स्पष्ट पारिसकेको बताए ।

एमसिसी खारेजी माग

नेपाल मजदूर किसान पार्टीका प्रेम सुवालले अमेरिकी सहयोग एमसिसी सम्झौता अविलम्ब खारेज गर्न माग गरे । कोभिड-१९ को प्रत्यक्ष असर पुगेका मजदूर तथा किसानलाई उचित क्षतिपूर्ति दिन तथा भक्तपुरलाई सांस्कृतिक नगर घोषणा गर्न उनले माग गरे ।

समाजवादी पार्टीका प्रदीप यादवले आव २०७७र७८ को बजेटमा उल्लेख भएअनुसारको खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै प्रदेश नं २ लाई छुट्याइएको रकम सामान्यीकरण अनुदानमा दुई अर्ब थप गर्न माग गरे । यस्तै सोही प्रदेशको समपूरक अनुदानको शीर्षकअन्तर्गत रु एक अर्ब ५० करोड थप्न उनले आग्रह गरे ।

# गुणस्तरहीन चामल व्यापारीलाई फिर्ता दिइने

**गौरीशंकर जयसवाल/मध्यान्ह**
परासी, २४ जेठ




रामग्राम नगरपालिका पश्चिम नवलपरासीले कोभिड १९ (कोरोना भाइरस) को संक्रमण बढेपछि भएको लकडाउनमा नगरक्षेत्रका विपन्न परिवारलाई वितरण गर्न खरिद गरेको न्यून गुणस्तरको चामल व्यापारीलाई नै फिर्ता दिने भएको छ । नवलपरासी जिल्ला अदालतको आदेशले नगरपालिकाले उक्त चामल खरिद गरेकै व्यापारीलाई फिर्ता दिन लागेको हो ।

रामग्राम नगरपालिकाले खरिद गरेको सोना (मन्सुली मोटा) चामल स्थानीयको गुनासो पछि फिर्ता भएर शिलवन्दी गरी नगरपालिकाको गोदाममा राखिएको अवस्थामा रहेको छ । गोदाममा लामो समय राख्दा कुहिने वा बिग्री नोक्सानी हुने प्रवल सम्भावना भएको जनाउँदै नगरपालिकाले नवलपरासी जिल्ला अदालतमा जेठ १४ गते पत्र लेखी प्रतिवादीकै जिम्मा लगाउन अनुमति माग गरेको थियो । नगरपालिकाको मागअनुसार नवलपरासी जिल्ला अदालतका न्यायाधीश धुव्र कुमार शाहको आदेशले उक्त चामल अभियोजन पक्षसँग समायोजन गरी व्यवस्थापन गर्नका लागी अनुमति दिएको जिल्ला अदालतका परासीका निमित्त श्रेस्तेदार तिर्थराज शर्माले जानकारी दिए ।

नगरपालिकाले अदालतमा पठाएको पत्रमा नगरपलिकाले खरिद गरेको चामल नेपाल सरकारले जफत गर्नुपर्ने भन्ने कुनै माग दावीसमेत नलिएको र नगरपालिकाले गत चैत ३० गते बसेको कार्यपालिकाको बैठकले उक्त चामल खरिदको संझौता रद्ध गरी स्टिम मसिनो चामल खरिद गरी राहातस्वरुप वितरण गरेको जनाएको छ । गुनासोयुक्त चामलको कुनै भुक्तानीसमेत नगरपालिकाले नगरेको नगरपालिकाले अदालतमा पठाएको पत्रमा उल्लेख गरिएको छ । रामग्राम नगरपालिकाको पत्र, जाहेरी नेपाल सरकार वादी र पटवारी वानिया प्रतिवादी भएको मुद्धामा नापतौल तथा गुणस्तर कार्यालय भैरहवाले नगरपालिकाले न्यून गुणस्तरको चामल बितरण गरेको प्रमाणित गरेको थियो भने उक्त चामलमा तौलसमेत कमि रहेको प्रमाणित भएको थियो ।


नवलपरासी जिल्ला अदालतमा परेको उक्त मुद्धामा राजेश राईस मिलका प्रोपाईटर पटवारी वानियालाई नवलपरासी जिल्ला अदालतले पूर्पक्षका लागि कारागार चलान गरेकोमा उच्च अदालत तुलसीपुर बुटवलको इजलासले ५० हजार धरौटी तोकेकोमा उक्त धरौटी बुझाएर उनी छुटेका थिए । रामग्राम नगरपालिका पश्चिम नवलपरासीले कोभिड १९ (कोरोना भाइरस) को संक्रमण वढेपछि भएको लकडाउनमा नगरक्षेत्रका विपन्न परिवारलाई वितरण गरेको न्यून गुणस्तरको चामल नगरपालिकामा ल्याएर फालिएका थिए । नगरको ११ र ६ वडामा विपन्न परिवारले उक्त चामल नगरपालिकाको कार्यालय गेटमा ल्याएर फालेपछि नगरपालिकाले सबै वडामा पठाएको चामल फिर्ता ल्याएको थियो ।

# गुल्मीको छापहिले अझै पनि सञ्चारको पहुँचबाट टाढै

**सुमन महतारा/मध्यान्ह**
गुल्मी, २४ जेठ

अहिलेको युग प्रविधिको युग हो । प्रविधिको माध्यमबाट घरमै बसेर विश्वका हरेक गतिविधिको बारेमा बुझ्न र सुन्न सकिन्छ । तर, गुल्मीमा भने अझै पनि त्यस्ता गाउँ छन् जहाँ इन्टरनेट त परैको कुरा फोन गर्न पनि रुख, अग्लो ठाउँ तथा पल्लो गाउँ जान नागरिक बाध्य छन् ।

नेपालमा सञ्चारको विकास भएको दशौँ वर्ष बितिसक्दा पनि गुल्मीका छापहिलेबासीहरुमा संचारको सहज पहुँच अझै पुग्न सकेको छैन । एउटा टावर जडान गर्ने नसक्दा बर्षौदेखि छापहिले बासी सञ्चारको पहुँचबाट टाढा बन्दै गएका छन् । हालको मालिका गाउँपालिका वडा नम्बर पाँच छापहिलेका साबिकका वडाहरू ५, ६, ७ र ९ का साथै वडा नम्बर दुईका तल्लो भेगका मानिसहरूले कहिलेसम्म सञ्चारको सुविधा पाउने भन्ने कुराको कुनै टुङ्गो छैन ।



टेलिकमले त्यहाँ आवश्यक टावर निर्माण सम्पन्न गरेको खण्डमा वर्षौदेखिको सपना साकार हुन्छ कि भन्ने आसमा थिए छापहिले बासी तर निर्माणाधीन टावरले गति लिन नसक्दा उनीहरूको आशा बिस्तारै निराशामा परिणत हुन थालेको छ ।

गाउँपालिकाले अघिल्लो वर्षको माघ ४ गते टावरको लागि भवन निर्माण गरिदिए पनि टेलिकमले अझै टावर जडान गर्न भ्याएको छैन । टेलिकमको जिल्ला शाखा गुल्मीका अधिकारीहरु लकडाउनको कारण काममा ढिला भएको भन्दै जेठ भित्र काम सम्पन्न गर्ने दाबी गर्छन् तर त्यहाँको स्थलगत निरीक्षण र कामको गति हेर्दा कति वटा जेठ जाने हो भन्नै नसक्ने अवस्था छ ।

**दोष टेलिकमको मात्रै होइन**

यहाँ दोष टेलिकमको मात्रै छैन । सञ्चारको सेवा तथा सुविधाको लागि स्थानीय सरकार, राजनीतिक दल , समाजसेवीहरूको पहलमासमेत प्रश्न चिन्ह खडा हुन्छ । स्थानीय तहको निर्वाचन भएको करिब तीन वर्ष पुरा भैसकेको छ भने तत्कालीन गाविस तथा जिविसबाट पनि केही पहल भएन । ढिलै भए पनि बन्न लागेको टापरमा टेलिकमले चासो नदेखाउनु र स्थानीय सरकारले आवश्यक कदम चाल्न नसक्नु नै समस्याको जड़ भएको स्थानीयहरु बताउँछन् । टावर निर्माण तथा सेवा सुचारु भएसँगै त्यस क्षेत्रका करिब पाँच हजारभन्दा बढी नागरिकहरू लाभन्वित हुने थिए । यसतर्फ सम्बन्धित निकायले समयमै ध्यान दिन आवश्यक रहेको छ ।

# व्यवसायी नेपाललाई पितृशेक



काठमाडौं/मस- वैदेशिक रोजगार व्यवसायी सूर्य नेपाललाई पितृशोक परेको छ । राजधानीको सामाखुसी टोखारोडस्थित काठमाडौं इण्टरनेशनल ईन्कर्पोरेट प्रा.लि.का संचालक नेपालका पिता बाबुराम नेपालको जेठ २२ गते बिहीबार बिहान महाराजगञ्जस्थित शिक्षण अस्पतालमा निधन भएको हो । स्व. नेपालका श्रीमती, एक छोरी र दुई छोरा छन् ।

# घुससहित वडाध्यक्ष पक्राउ




**पाल्पा/मस-** पाल्पा जिल्लाको स्थानीय तहका एक जनप्रतिनिधिलाई शनिबार अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवलको टोलीले रुपन्देहीबाट नगदसहित नियन्त्रणमा लिएको छ । रैनादेवी छहरा गाउँपालिका वडा नं ७ का वडाध्यक्ष देवेन्द्र पुनलाई टोलीले शनिबार बिहान करिब ८ बजे रुपन्देहीको सैनामैना नगरपालिका वडा नं १० झिमझिमे भन्ने स्थानबाट एक काठ व्यवसायीबाट रु तीन लाख बुझ्दै गरेका अवस्थामा नियन्त्रणमा लिएको आयोगका सूचना अधिकारी सुरेश भुसालले जानकारी दिए ।

अभियुक्त पुनलाई आफ्नो वडामा रहेको काठ लिलाममा ती व्यक्तिलाई मिलाइदिने भनी आश्वासन दिएर रकम माग गरी बुझ्दै गरेका अवस्थामा नगदसहित नियन्त्रणमा लिइएको सूचना अधिकारी भुसालले जानकारी दिए ।

# क्वारेन्टिन व्यवस्थितरुपमा सञ्चालन गर्न आग्रह




**काठमाडौं/मस-** राष्ट्रिय मानव अधिकार आयोगले कोरोना भाइरस (कोभिड-१९) कोकथाम र नियन्त्रणका लागि देशभर सञ्चालित क्वारेन्टिन मापदण्डअनुरुप व्यवस्थितरुपले सञ्चालन गर्न आग्रह गरेको छ । आयोगका प्रवक्ता बेदप्रसाद भट्टराईले शनिबार एक विज्ञप्ति जारी गर्दै क्वारेन्टिन व्यवस्थितरुपले सञ्चालन गर्न आग्रह गरेका हुन् ।

संक्रमितको संख्या दिन प्रतिदिन बढ्दो क्रममा रहेकाले संकट झनै लम्बिन सक्ने देखिएको आयोगले जनाएको छ । झापा, रौतहट, पर्सा, सर्लाही, सप्तरी, कपिलवस्तु, बाँके, दैलेख, कञ्चनपुरलगायत जिल्लाका अधिकांश क्वारेन्टिन न्यूनतम मापदण्ड विपरीत सञ्चालनमा रहेकाले आधारभूत मानव अधिकार संरक्षणमा समेत उदासिन देखिएको आयोगले जनाएको छ ।

आयोगले क्वारेन्टिनमा रहेकाको पिसिआर परीक्षणलाई तीव्रता दिन तथा नेपालको संविधानको धारा ५२ बमोजिम मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने राज्यको दायित्व प्रभावकारीरुपमा पूरा गर्न सरकारको ध्यानाकर्षण गरेको छ । विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ को प्रभावबाट नेपाल पनि जटिल अवस्थामा रहेको र त्यसबाट हालसम्म मृत्यु भएका ११ जनामध्ये नौजनाको मृत्यु क्वारेन्टिनभित्र भएको, दुई हजार ९०० भन्दा बढी सङ्क्रमित भएको र एक लाख ६७ हजारभन्दा बढी मानिस क्वारेन्टिनमा नै रहिरहेको अवस्था उल्लेख छ ।

त्यस्तै आयोगले कोरोना भाइरसको जोखिमको अवस्थामा पत्रकार सुरक्षाका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना ल्याउन सरकारसँग आग्रह गरेको छ । आयोगका प्रवक्ता भट्टराईले जारी गरेको प्रेस विज्ञप्तिमा आवश्यक सूचना उपलब्ध गराउन, पत्रकारमाथिको आक्रमण धम्की र दुर्व्यवहार रोक्न, श्रमजीवी पत्रकारको पारिश्रमिक सुनिश्चित गरी सूचनाको पहुँचलाई सहज बनाउन, पत्रकारको सुरक्षाको सम्बन्धमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तथा कार्यक्रम ल्याउन आग्रह गरिएको छ ।

‘बन्दाबन्दीको अवधिमा अनुगमन तथा समाचार सङ्कलनका क्रममा हिँडेका सञ्चारकर्मीमध्ये २२ जना सञ्चारकर्मी गिरफ्तार, आक्रमण, धम्की र दुर्व्यवहारमा परेका छन्,’ विज्ञप्तिमा भनिएको छ, ‘उनीहरुलाई सरकारी निकायबाट सूचना प्रदान गर्न इन्कारे गरिएको, कतिपय श्रमजीवी पत्रकारले पारिश्रमिक प्राप्त गर्न नसकेको, पत्रकारिता पेशाबाटै विस्थापित हुनुपर्ने परिस्थिति रहेको र कतिपय सञ्चारमाध्यम बन्द हुने अवस्थामा रहेको जस्ता कारणबाट नेपालको संविधानबमोजिमको विचार र अभिव्यक्ति स्वतन्त्रताको हक, सञ्चारको हक तथा सूचनाको हकबाट वञ्चित हुने देखिन्छ ।’

## क्वारेन्टिन....

गराउनुपर्नेको संख्या बढ्नेछ । यसपछि फ्रन्ट लाइनमा खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मीको परीक्षण गरिने भएको छ। तर, यस बाहेकलाई भने सरकारले परीक्षण नगर्ने भएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले केही दिन अगाडि राष्ट्रको नाममा सम्बोधन गर्दै जनसंख्याको तीन प्रतिशत अर्थात् ६ लाख नागरिकको परीक्षण गराउने घोषणा गरेका थिए ।

तर, शनिबार दिउसोसम्म ९४ हजार ४७७ जनाको मात्रै परीक्षण गरिएको छ भने आरडीटीबाट एक लाख ३७ हजार ४३५ जनाको परीक्षण भएको छ । आरडीटीले अन्तिम नतिजा नदिने भएकाले पीसीआर नै भरपर्दो परीक्षण मानिएको छ । शुक्रबार मात्रै आरटीडीको भर पर्दा क्वारेन्टिनमा १४ दिन बसेका युवकको सुर्खेतमा मृत्यु भएको थियो ।

## २४ घण्टामा...

संक्रमण भएको पृष्टि गरे । शनिबार थपिएकासँगै कूल संक्रमितको संख्या तीन हजार २३५ पुगेको छ । तीमध्ये पुरुष तीन हजार तीन र महिला २३२ रहेका छन् । शनिबार नयाँ भेटिएका संक्रमित जाजरकोट र डोल्पाका पनि रहेका छन् । यसरी संक्रमित जिल्ला ७० पुगेको छ ।

कोभिड-१९ लाई अहिलेसम्म ३६५ जनाले जितेका छन् । सङ्क्रमित बढेसँगै दैनिक कोभिड- १९ बाट निको भएर घर फर्कनेका संख्या पनि वृद्धि हुँदै गएको छ ।

अहिलेसम्म ७० जिल्लामा तीन हजार २३५ संक्रमित पृष्टि भएका छन् । शुक्रबार एकै दिन ४३ जनाले सङ्क्रमण जितेर घर फर्किका थिए भने शनिबार मात्र ३२ जनाले जितेर घर गएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा देवकोटाले शनिबार विभिन्न अस्पतालबाट ३२ जना डिस्चार्ज भएका जानकारी दिए । डिस्चार्ज मध्ये पाँच महिला र २७ पुरुष रहेका छन् । अहिलेसम्म डिस्चार्ज हुनेको संख्या ३६५ पुगेको छ । ती मध्ये २९९ पुरुष र ६६ महिला छन् ।

जनकपुर प्रादेशिक अस्पतालमा रहेका धनुषा, महोत्तरी, सर्लाही, झापाका १५ जना डिस्चार्ज भएका छन् । तीमध्ये एक महिला र १४ पुरुष रहेका छन् । १८ वर्षदेखि ४५ वर्षका उहाँहरु १२औं दिनदेखि १७औं दिनसम्म अस्पतालमा रहेर डिस्चार्ज भएका हुन् । यस्तै बाँकेको खजुरास्थित सुशील कोइराला प्रखर क्यान्सर अस्पतालका दुई महिला र दुई पुरुष डिस्चार्ज भएका छन् । उहाँहरु बाँके र गुल्मीका हुन् । २३ देखि ३५ वर्ष उमेर समूहका उहाँहरु १५औं दिनदेखि १७औं दिनमा डिस्चार्ज भएका हुन् ।

सेती प्रादेशिक अस्पतालबाट बैतडी र अछामका पाँच रहेका छन् । तीमध्ये एक महिला छन् । ११ वर्षदेखि ३८ वर्ष उमेर समूहका ११औं देखि १४औं दिनमा डिस्चार्ज भएका हुन् । यसैगरी सुर्खेत अस्पतालमा रहेका सात जना पनि शनिबार डिस्चार्ज भएका छन् । सुर्खेतका छ जना १६ देखि ३६ वर्ष उमेर समूहका पुरुष र एक मुगुकी ३५ वर्षीया महिला छन् । पिसिआर विधिबाट ९२ हजार ४७७ र आरडिटीबाट एक लाख ३७ हजार ४३५ व्यक्तिको परीक्षण गरिएको छ ।

## नयाँ ....

युवाहरुलाई झुक्याउनु हुँदैन ।’ नेपाली कांग्रेसका सांसद दिव्यमणी राजभाण्डारीले नेपाली कामदार हरुले पठाएको रकमको उपभोग गरेका नेताले नै आज उनीहरुलाई दुःखी बनाउने मात्र काम गरेको बताए । शनिबार श्रम मन्त्रालय विनियोजित बजेटबारे १२ जना सांसदहरु मन्त्रालयको खर्च कटौती प्रस्ताव राखेका थिए ।

## श्रममन्त्रीले....

ऐन २०६४ मा संशोधनको प्रकृया अघि बढाउने निर्णय गरेको छ । तर उक्त निर्णय भएको तीन महिना बितिसक्दा समेत त्यसलाई मन्त्रालयले कार्यान्वयनमा लैजान सकेको छैन ।

सांसद यादवले त्यसप्रति ईंगित गर्दै भने, ‘उक्त प्रावधान संशोधन नभए ५ सय १२ म्यानपावर कम्पनीहरुको नवीकरण नहुने अवस्था छ, उक्त काम गरिदिन मन्त्रीज्युले सबै म्यानपावर कम्पनीसँग एक/एक लाख रुपैयाँ मागेको कुरा आएको छ, स्पष्टता चाहन्छु यो भ्रष्टाचार गर्ने समय होइन ।’

मन्त्री यादवले मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनका लागि प्रतिवेदन दिन मन्त्रालयका सहसचिव उमेश ढुंगानाको संयोजकत्वमा ३ सदस्यीय कार्यदल गठन गरेका छन् । कार्यदलले सकेसम्म छिटो प्रतिवेदन दिने कार्यादेश दिइएको भएपनि शनिबारसम्म प्रतिवेदन दिएको छैन ।

सत्तारुढ नेकपा निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च र प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस निकट नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले मन्त्रिपरिषद्को उक्त निर्णयको कार्यान्वयन गर्न माग गरिरहेका छन् ।


**लो-धेकर दामोदरकुण्ड गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**चराङ, मुस्ताङ**
**गण्डकी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७७/०२/२५**

यस कार्यालयको मिति २०७६/१२/१३ गते राजधानि राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना र अन्तिम पटक मिति २०७७/०१/३० गते संशोधनको सूचना अनुसार देहायका कार्यको लागि नियमानुसार दर्ता भएका बोलपत्रहरु मध्य तपशिलको बोलपत्र न्यूनतम मुल्यांकीत सारभुत रुपमा प्रभावग्राही ठहरीएकोले स्वीकृतीको आशयको प्रयोजनको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सिं नं. | ठेक्का नं | कार्यको विवरण | छनौट भएको बोलपत्रदाता | स्वीकृत रकम (मु.अ.कर सहीत) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | LGDRM/NCB/W /05/076/77/ Tsarang | Construction of Ghiling School Hostel Building Lo-ghekar Damodarkunda-3, Ghiling | Immortal/Komal Construction JV Banasthali-16, kathmandu | Rs. 4,38,00,790.58 | |

**प्रमुख प्रशासकीय अधिकृत**

# जो बाइडेनको उम्मेदवारी सुनिश्चित

**वासिङटन, एजेन्सी**–अमेरिकाको राष्ट्रपतिको आगामी कार्यकालका लागि डेमोक्याटिक पार्टीको तर्फबाट जो बाइडेनले उम्मेरबारी दिने सुनिश्चित भएको छ ।

यही बर्ष सन् २०२० को नोभेम्बरमा हुने निर्वाचनमा उहाँले वर्तमान राष्ट्रपति डोनाल्ड ट्रम्पलाई टक्कर दिनुपर्नेछ । कोरोनाको महामारी, आर्थिक चुनौती र नागरिक अशान्ति लगायतका विषयलाई उहाँले मुख्य एजेण्डाको रूपमा अगाडी सार्ने जनाइएको छ ।



पूर्व उपराष्ट्रपति समेत रहेका बाइडेनले आफ्नो पार्टीबाट उम्मेदबारी दिने निर्णय शुक्रबार राती भएको हो । निर्णय भएपछि उनले भनेका छन्, "हाम्रो पार्टीमा धेरै विद्धान तथा क्षमतावान उम्मेदवारहरू अरू धेरै हुदा हुदै पनि मलाई अवसर दिनुभएकोमा म सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।"

उनले पार्टीको एकतासहित आफुहरू आउदो आम निर्वाचनमा जान लागेकोमा आफुलाई गौरब महसुस भएको पनि बताएका छन् । आफ्नो पार्टीबाट सहजै उम्मेदबार बन्न पाउने अवस्था आउनु उनका लागि सफल पक्ष भएको राजनीतिज्ञहरूले बताएका छन् ।

उनको पार्टीबाटै राष्ट्रपतिका लागि उम्मेदबार बन्न चाहेका कतिपय उम्मेदबार हरूले आफ्नो उम्मेदवारी अभियानलाई स्थगित गरेको घोषणा यसअघि नै गरिसकेका छन् ।

डेमोक्रयाटिक पार्टीबाटै उम्मेदबार बन्न खोजेका बेर्नी सन्डेर्सले गत अप्रिलमै चुनावी अभियानबाट आफू पछाडी हटेको घोषणा गरेका थिए । बाइडेनसँग अहिले एक हजार ९९५ जना डेलिगेडट्स रहेका छन् भने उनले चुनावी प्रचार प्रसारलाई अव झन सशक्त बनाउने बताएका छन् ।

तत्कालिन राष्ट्रपति बाराक ओबामाको कार्यकालमा उपराष्ट्रपति भएकाले उनलाई अमेरिकामा अहिले पनि निकै लोकप्रिय मानिने ओबामाको ठूलो सहयोग हुने देखिएको छ ।

पछिल्लो समय बाइडेनलाई उम्मेदबार बनाउन पनि ओबामाले महत्वपूर्ण भूमिका खेलेको बताइएको छ । उनले आगामी चुनावी अभियानलाई थप प्रभावकारी बनाउने र नेतृत्वदायी भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

बर्तमान राष्ट्रपति ट्रम्पले ओबामालाई लगातार अभिव्यक्ति मार्फत् आक्रमण गरिरहने गरेकाले पनि ट्रम्पलाई हराउन ओबामा सक्रिय हुने अनुमान गरिएको छ । ओबामाको समर्थनका कारण बाइडेनलाई अस्वेत मतदाताहरूको थप सहयोग हुने विश्लेषण गरिएको छ ।

ओबामाको उपराष्ट्रपति हुनुभन्दा अगाडी बाइडेन झण्डै ३६ बर्ष सिनेटको सदस्यका रूपमा रहेका थिए । उनी अहिले ७७ बर्षका छन् । उनलाई अमेरिकामा अनुभवी, परिवक्व र सन्तुलित नेताका रूपमा लिने गरिन्छ ।

# विश्वकप छनोटका खेल चार महिनापछि गराउने एएफसीको प्रस्ताव

**काठमाडौं, रासस**- एशियाली फुटबल महासंघ (एएफसी) ले कोरोना भाइरसका कारण स्थगित फिफा विश्वकप २०२२ तथा एएफसी एशियन कप २०२३ को छनोट खेलहरू चार महिनापछि गराउने प्रस्ताव अघि बढाएको छ । नेपालले खेल्ने उक्त खेलहरु आगामी अक्टोबर र नोभेम्बरमा गराउन एएफसीले विश्व फुटबल महासंघ (फिफा)लाई प्रस्ताव गरेको हो ।

यसअघि गत चैतमा अष्ट्रेलिया, चाइनिज ताईपेइ र जोर्डनसँग छनोट खेल घरेलु मैदानमा खेल्ने तय भए पनि कोरोना भाइरसका कारण स्थगित भएको थियो । स्थगित खेल अक्टोबर ८ र १३ तथा नोभेम्बर १२ र १७ तारिखमा गर्न प्रस्ताव गरिएको एएफसीले जनाएको छ । विभिन्न देशका फुटबल संघसितको भिडियो बैठक पछि एएफसीले उक्त मितिमा खेल गराउन तयारी थालेको हो । दोस्रो चरणको छनोटअन्तर्गत नेपालले तीन खेल खेल्न बाँकी छ । ति सबै खेल नेपालले घरेलु मैदानमा खेल्नेछ ।

एएफसीको प्रस्तावलाई फिफाले अनुमति दिएमा नेपालले अक्टोबर ८ मा चाइनिज ताइपेइ, अक्टोबर १३ मा अष्ट्रेलिया र नोभेम्बर १२ मा जोर्डनसँग खेल्नेछ । समूह बी मा रहेको नेपालले हालसम्म पाँच खेलमा तीन अङ्क जोडेको छ ।

नेपालले चाइनिज ताइपेइलाई पराजित गरी उक्त समूहमा चौथो स्थान बनाएको थियो । हालसम्मको खेल प्रदर्शनअनुसार १२ अङ्कका साथ अष्ट्रेलिया शीर्षस्थानमा, १० अङ्कका साथ कुवेत दोस्रो, समान १० अङ्क नै बनाएको जोर्डन तेस्रो तथा अङ्कविहीन अवस्थामा रहेको चाइनिज ताइपेइ समूह बी को पुछारमा छ ।

समूहको शीर्ष टोली विश्वकपको तेस्रो चरणमा पुग्नुका साथै एशिया कपमा सोझै पुग्नेछ । दोस्रो हुने टोली विश्वकपको तेस्रो चरणमा तथा एशिया कप छनोटको तेस्रो चरणमा पुग्नेछ । तेस्रो, चौथो र पाँचौं स्थानमा रहने टोली विश्वकप छनोटबाट बाहिरिने छन् । विश्वकप २०२२ कतारमा तथा एएफसी एशियन कप २०२३ चीनमा हुनेछ ।

# डब्लुएचओबाट बाहिरिने ब्राजिलका राष्ट्रपतिको चेतावनी

**रियो डि जानेरियो, एजेन्सी**- ब्राजिलका राष्ट्रपति जैर बोल्सोनारोले आफ्नो देश विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)बाट बाहिरिने चेतावनी दिएका छन् । शुक्रबार डब्लुएचओलाई यस्तो चेतावनी दिएको अधिकारीहरूले जानकारी दिएका छन् । 'डब्लुएचओले यस्तै व्यवहार गरिरहयो भने ब्राजिल डब्लुएचओबाट बाहिरिन पनि पर्न सक्दछ' उनले भनेका छन् ।



उनले डब्लुएचओलाई राजनीतिक प्रभावमा परेर त्यस्तै प्रकारको भूमिका खेल्न लागेको आरोप पनि लगाएका छन् । राष्ट्रपति बोल्सोनारोले देशमा लकडाउन खुल्ला गरेकोमा डब्लुएचओले असहमति जनाउदै गलत भएको टिप्पणी गरेपछि उनले यस्तो चेतावनी दिएका हुन् ।

लकडाउन खुल्ला गरेकाले ब्राजिलमा कोरोना भाइरसबाट संक्रमितहरूको संख्या अत्याधिक बृद्धि भएको भन्दै डब्लुएचओले चिन्ता व्यक्त गरेको थियो ।

डब्लुएचओले सामाजिक दुरी कायम राख्ने कुरालाई बढी ख्याल गर्न पनि ब्राजिललाई आग्रह गरेको थियो । तर यस विषयमा राष्ट्रपति बोल्सोनारोले लामो समयदेखि असहमति राख्दै आएका छन् ।

उनको यही असहमति र फरक मतका कारण तत्कालिन स्वास्थ्य मन्त्रीलाई पनि बर्खास्त गरेका थिए । मन्त्रीले लकडाउन लगाउने चाहने तर राष्ट्रपति बोल्सोनारोले भने लकडाउन लगाउन नहुने भनेकाले ती मन्त्री बर्खास्तीमा परेका हुन् ।

लकडाउन खुकुलो बनाएकै कारणले ब्राजिल अहिले अरू धेरै देशहरूलाई समेत उछिनेर कोरोना भाइरसबाट संक्रमित हुने दोस्रो धेरै संख्या रहेको देशमा पुगेको छ । पछिल्लो विवरण अनुसार ब्राजिलमा अहिलेसम्म ६ लाख ४६ हजार ६ जना सङ्क्रमित भएका छन् भने, ३५ हजार ४७ जनाको मृत्यु भइसकेको छ ।

सवैभन्दा धेरै संक्रमित र मानवीय क्षति भएको संयुक्त राज्य अमेरिकाले पनि यसअघि नै डब्लुएचओबाट बाहिरिने घोषणा गरेको थियो भने डब्लुएचओलाई दिदै आएको सहयोग कटौती गरेको थियो ।

अमेरिकाको निर्णय आएको केही हप्तापछि दोस्रो धेरै संक्रमित र मानवीय क्षति भोगेको ब्राजिलले पनि उस्तै चेतावनी दिएपछि विश्वभरी नै नयाँ तरंग सृजना गरेको छ ।

# पाकिस्तानमा सोमबारदेखि लकडाउन खुल्ने



**इस्लामावाद, एजेन्सी**- पाकिस्तानमा कोरोना भाइरसबाट संक्रमितको संख्या दिन प्रतिदिन बढिरहेको भए पनि यहाँको सरकारले आगामी सोमबारदेखि लकडाउन खोल्ने भएको छ । प्रधानमन्त्री इमरान खानले सोमबारदेखि देशव्यापी रुपमा नै लकडाउनलाई खुकुलो बनाउने बताएको पाकिस्तानी सञ्चारमाध्यमहरुले जनाएका हुन् ।

प्रधानमन्त्री खानले देशको अर्थतन्त्रलाई बचाउन लकडाउनलाई लामो समयसम्म जारी नराख्ने बताएका थिए । लामो समयसम्म लकडाउन गरी राख्दा मध्यमबर्गीय तथा श्रमजीवी बर्गको अवस्था नाजुक बन्नुका साथै दशेको अर्थतन्त्रमा नराम्रो प्रभाव पर्ने बताए ।

त्यसैले यहाँका अधिकांश शहरहरुका साथै देशका प्रमुख केन्द्र तथा बजार पसलहरु पनि खुल्ने भएको बताइएको छ । प्रधानमन्त्री खानले शुक्रबार सो कुराको जानकारी दिएका थिए । पाकिस्तानमा पछिल्लो समयमा ४ हजार ७३४ जना संक्रमित थपिएको शनिबार बिहान जानकारी दिइएको छ । ती पछिल्लो समयमा थपिएका संक्रमितसहित यहाँका संक्रमितको संख्या ९३ हजारभन्दा बढी पुगेको यहाँको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

यहाँ सो भाइरसबाट ज्यान जाने व्यक्तिको संख्या १ हजार ९३५ जना पुगेको बताइएको छ । यहाँका स्वास्थ्य अधिकारीहरुले यो भाइरसबाट गएको २४ घन्टामा मात्र ९७ जनाको ज्यान गएको बताएका छन् ।

यहाँका ३२ हजार जना भन्दा बढीलाई निको भएको बताइएको छ । यहाँको सिन्ध प्रान्त सबैभन्दा बढी प्रभावित क्षेत्र हो । त्यस्तै त्यसपछिको प्रभावित क्षेत्र भनेको पञ्जाव प्रान्त हो ।

# अलकायदाको प्रमुख मारिएको फ्रान्सेली रक्षामन्त्रीको दावी



**मस्को, एजेन्सी**- फ्रान्सका रक्षामन्त्री फ्लोरेन्स पार्लीले आतंककारी संगठन अल कायदाको मालीका प्रमुखको फ्रान्सेली सैनिकको कारबाहीमा परी मृत्यु भएको जानकारी दिएका छन् ।

रक्षामन्त्री पार्लीले फ्रान्सेली सैनिकको कारबाहीमा परी अल कायदाको मालीका प्रमुख अब्लेलमार्क ड्रकदेलको ज्यान गएको शनिबार जानकारी दिएका हुन् । शुक्रबार आफ्नो ट्वीटर पेजमा उनले सो कुराको जानकारी दिएको पेरिसबाट प्राप्त भएको समाचारमा जनाइएको छ । मालीमा एक्युएमआई नामक आतंककारी संगठन चलाएको र सो संगठन अलकायदासँग आबद्ध रहेको जानकारी उनले दिएका थिए ।

मालीमा सो संगठनले सन् २०१२ देखि नै आतंक मच्चाइ आएको छ । त्यस वर्ष मालीको उत्तरी भूभाग सो संगठनले कब्जा गरेको थियो । पछि उक्त भूभाग फ्रान्सेली सेनाले फिर्ता ल्याएको थियो ।

उक्त आतंककारी संगठनले सन् २००७ देखि उत्तरी अफ्रिका र साहेलमा पनि सशस्त्र लडाकूहरुमार्फत हिंसात्मक आक्रमण गरी आतंक मच्चाउने गरेको पनि बताइएको छ ।

## अमेरिकामा २० लाख खोप तयार : ट्रम्प

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले देशलाई कोरोना भाइरसबाट बचाउन २० लाख वटा खोप तयार पारिसकेको दावी गरेका छन् । नियमित पत्रकार सम्मेलनका क्रममा उनले खोप तयार भएको जानकारी दिएका हुन् ।

ट्रम्पले खोपको सुरक्षित र प्रभावकारी प्रयोगबारे बैज्ञानिक प्रमाणिकरण हुने हुन बाँकी रहेको उल्लेख गरेका छन् । उनले खोप कुन कम्पनीले प्रयोग गरेको र कहिलेसम्म प्रयोगमा आउछ भन्ने बारे चाँकी केही खुलाएका छैनन् ।

राष्ट्रपति ट्रम्पले कम्तीमा ८ वटा कम्पनी भ्याक्सिन निर्माणको दौडमा अगाडि रहेको बताएका छन् । अमेरिकाका वरिष्ठ संक्रामक रोग विशेषज्ञ डाक्टर एन्थोनी फाउचीले भने ट्रम्पको भनाइबारे आफुलाई केही थाहा नभएको प्रतिक्रिया दिएका छन् ।

ट्रम्प प्रशासनले कोरोनाविरुद्धको भ्याक्सिन निर्माणका लागि ५ वटा कम्पनी छनोट गरेको छ । खोप निर्माणमा सबैभन्दा अगाडि अमेरिकी कम्पनी 'मोडर्ना' अगाडि रहेको छ ।

आजसम्म अमेरिकामा कोरोना भाइरसबाट संक्रमित हुनेको संख्या १८ लाख ९७ हजार ८ सय ३८ पुगेको छ । त्यस्तै अहिलेसम्म अमेरिकामा एक लाख ९ हजार १ सय ४३ जनाको मृत्यु भएको छ ।

# कोरोना संक्रमणमा भारतले इटलीलाई जित्यो

**नयाँदिल्ली, एजेन्सी**- विश्वभरी महामारीका रुपमा फैलिएको कोरोनाभाइरसको संक्रमणमा भारतले इटलीलाई पनि जितेको छ । विश्वमै धेरै संक्रमित भएका देशहरुको सूचीमा छैटौ अग्रपंक्तिमा रहेको इटलीलाई उछिनेर अहिले भारत छैटौ अग्रपंक्तिमा पुगेको हो ।



भारतमा अहिले कुल संक्रमितको संख्या २ लाख ३६ हजार ६५७ पुगेको अधिकारीहरुले जनाएका छन् । इटलीमा भने अहिलेसम्म दुई लाख ३४ हजार ५३१ जना कोरोना भाइरस संक्रमित रहेका छन् ।

कोरोनाका कारण मृत्यु भएकाहरुको संखया भने भारतमाभन्दा इटलीमा अत्यधिक धेरै रहेको छ । भारतमा अहिलेसम्म ६ हजार ६४२ को मृत्यु भएको छ भने इटलीमा ३३ हजार ७७४ जनाको कोरोनाका कारण मृत्यु भएको छ ।

भारतका स्वास्थ्य अधिकारीहरुले दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा भारतमा ९ हजार ८८७ जना संक्रमित भएका छन् । केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले पछिल्लो २४ घण्टामा भारतमा २९४ जनाको मृत्यु भएको तथ्यांक सार्वजनिक गरेको छ ।

भारतमा संक्रमित भएका मध्ये १ लाख १४ हजार ७३ जना संक्रणमुक्त भएर अस्पतालबाट घर फर्किएका छन् ।

# भारतको लकडाउन असफल : राहुल गान्धी



**नयाँदिल्ली, एजेन्सी**- भारतीय काँग्रेसका नेता राहुल गान्धीले भारत सरकारले जारी राखेको लकडाउन असफल भएको टिप्पणी गरेका छन् । उनले भारत सरकारले लिएको यस लकडाउनको नीतिले भारतमा कोरोना भाइरसको संक्रमण रोक्न नसकेको आरोप पनि लगाए ।

उनले संक्रमितहरु दिनप्रति दिन बढ्दै गएका तर सरकारले लकडाउनको नीतिलाई राम्रोसँग पालना गराउन नसकेको बताएका हुन् । उनले पछिल्ला दिनहरुमा भारतमा हरेक दिन ९ देखि १० हजार सम्म संक्रमितहरु थपिने गरेकोले सरकार यो महामारी रोक्न असफल भएको बताएका हुन् ।

उनले भारतमा पनि अमेरिका र बेलायतको जस्तो महामारीको अवस्था आउने कुरा पछिल्ला तथ्यांकहरुले देखाएको धारणा पनि राखे । उनले लकडाउनले पनि यहाँको महामारी रोक्न नसकेपछि अब सरकारले अरु विकल्पहरु रोज्नुपर्ने पनि ट्वीटमार्फत सुझाएका छन् ।

भारतमा शुक्रबारमात्र ९ हजार ८५१ जना संक्रमित थपिएका थिए । यहाँ गएको २४ घन्टायता २७३ जनाको कोरोना भाइरसको संक्रमणबाट ज्यान गएको बताइएको छ । यहाँ यस भाइरसका २ लाख २६ हजार ७७० जना संक्रमति भएका छन् । यीमध्ये १ लाख १० हजार ९६० जना पोजेटिभ छन् । अरु निको भएर घर फर्किएका छन् ।


**अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस फर्म कम्पनीले Keraben Grupo, S.A.U बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि.न. | मालवस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | उत्पतिको मूलुक/राष्ट्र | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा इकाई मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|
| १ | सेरामिक टायल | ४०x१२० से.मी. | Keraben | Cl khan | स्पेन | बर्ग फिट | रु. ४७० | रु. ४७० |

**विक्रेता फर्मको नाम : श्री स्वस्तिक ट्रेडर्स** — **एक्जीम कोड नं.: ३०२६६६१८६०१००NP**

**ठेगाना : काठमाडौं महानगरपालिका वडा नं. १२, टेकु, काठमाडौं** — **फोन नं.: ०१-४२४०५६५**

# लकडाउनमा ४६ प्रतिशत उद्योग मात्र सञ्चालनमा




**काठमाडौं/मस–** बन्दाबन्दी लम्बिँदै जाँदा अत्यावश्यक वस्तु उत्पादन गर्ने उद्योगको उत्पादन क्षमतामा कमी आउन थालेको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले शनिबार सार्वजनिक गरेको तथ्यांकानुसार बन्दाबन्दीको शुरुवाती चरणमा भन्दा हाल उद्योग सञ्चालनमा कमी आउन थालेको हो ।

बन्दाबन्दीको शुरुआती चरणमा ४९ देखि ५१ प्रतिशतसम्म सञ्चालनमा आएको उद्योग हाल (जेठ २० गतेसम्म) ४६ प्रतिशतमा झरेको उद्योग मन्त्रालयका प्रवक्ता प्रकाश दाहालले बताए । उनका अनुसार मुख्य पाँच औद्योगिक करिडोर अत्तरिया-धनगढी, नेपालगञ्ज-कोहलपुर, बुटवल-बेलहिया, पथलैया-वीरगञ्ज र इटहरी-विराटनगरमा शुरुको एक महिना (वैशाख १३ गतेसम्म) ४९ प्रतिशत उद्योग सञ्चालन भएका थिए ।

एक महिनाका अवधिमा १० औद्योगिक क्षेत्रमा रहेका अत्यावश्यक वस्तु उत्पादन गर्ने ५९७ उद्योगमध्ये १५० उद्योग मात्र सञ्चालनमा रहेका थिए । पूर्ण क्षमतामा सञ्चालन हुन नसकेका उक्त उद्योगमा बन्दाबन्दी अगाडि पाँच हजार १९० मजदूर रहेकामा एक महिनामा एक हजार ६०२ जना मात्र कार्यरत रहेका थिए । यसैगरी गत वैशाख १३ सम्म ४९ प्रतिशतमा सञ्चालनमा आएका उद्योग वैशाख मसान्तसम्म ५१ प्रतिशतमा सञ्चालनमा आएका थिए ।

वैशाख मसान्तसम्म ३४९ उद्योग सञ्चालनमा रहेकामा जेठ २० सम्ममा अत्यावश्यक वस्तुको उत्पादन गर्ने ३३८ उद्योग सञ्चालनमा छन् । चैतमा पूर्ण क्षमतामा सञ्चालनमा रहेका अक्सिजन र एलपी ग्यास उद्योग हाल पूर्ण क्षमतामा सञ्चालनमा छन् भने अन्य उद्योगको सञ्चालन क्षमतामा कमी आएको छ । मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकानुसार चैतमा ८० प्रतिशतसम्म सञ्चालनमा रहेको खाद्य उद्योग (बिस्कुट, चाउचाउ) हाल ५० देखि ६० प्रतिशत, ७५ प्रतिशत क्षमतामा सञ्चालन रहेको खाद्य उद्योग (चामल, चिउरा, दाल, पीठो, तेल आदि) हाल ५५ प्रतिशत तथा ८० प्रतिशत सञ्चालनमा रहेको दुग्ध उद्योग हाल ६० प्रतिशतमा सञ्चालन भएका छन् ।

यसैबीच पचास हजार मेट्रिक टन मौज्दात रहने चिनी उद्योगमा हाल चालीस हजार मेट्रिक टन चिनी मौज्दात छ । चैतमा ८० प्रतिशत सञ्चालनमा रहेको दाना, ह्याचरी र कुखुरापालन उद्योग हाल ४० प्रतिशत, ७० प्रतिशत सञ्चालनमा रहेको औषधि उद्योग हाल ६० प्रतिशत, पूर्ण क्षमतामा सञ्चालनमा रहेको खानेपानी उद्योग ६० र ७० प्रतिशत सञ्चालनमा रहेको चिया उद्योग हाल ३० देखि ४० प्रतिशतसम्म सञ्चालनमा छन् ।

बन्दाबन्दीपूर्व ११ हजार ७३६ मजदुर कार्यरत रहेकामा हाल चार हजार ९ सय मात्र कार्यरत तथा छ हजार ८३६ मजदूर अनुपस्थित छन् । सञ्चालनमा रहेका सबै उद्योग बन्दाबन्दीको पूर्णपालना गरेर सञ्चालन गरिएको जनाइएको छ ।

# बढ्यो बजार भाउ, अनुगमन शून्य

**झलनाथ खनाल/रासस**
काठमाडौं, २४ जेठ



बन्दाबन्दी शुरु भएपछि बजार भाउ उच्चदरमा बढेको छ । खाद्यान्न मौज्दात पर्याप्त भएकाले मूल्य नबढेको सरकारले दाबी गरे पनि बजारमा मूल्य वृद्धि अकासिएको छ । कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणका लागि सरकारले लागू गरेको बन्दाबन्दीका समयमा टीकापुरलगायत आसपासका बजार क्षेत्रमा अनुगमन हुन नसक्दा दैनिक उपभोग्य सामानको मूल्य आकासिएको हो ।

बजार अनुगमन हुन नसक्दा उपभोक्तालाई व्यापारीले भनेबमोजिम सामानको मूल्य तिर्नुपर्ने बाध्यता छ । 'सबै कुरा किनेर खानुपर्छ, सामानको मूल्य छोइनसक्नु छ,' उपभोक्ता निरा काफ्लेले भने, 'व्यापारीले पनि मौका पाएका छन् । अनुगमन छैन । सीमित पसल खुल्छन् जति भने पनि तिर्नुको विकल्प छैन ।'

दैनिक किनेरै गुजारा गर्दै आएका स्थानीय चन्द्रकान्त अधिकारीले पैसा आउने माध्यम बन्द भए पनि खाने मुख बन्द नभएको बताउँदै व्यापारीले मौकामा चौका हानेको बताए । उनले व्यापारीले मनोमानी ढङ्गले दैनिक उपभोग्य सामानको मूल्य बढाउँदा आफूहरुजस्ता परिवार भोकभोकै बस्नुपर्ने समय आइसकेको बताए ।

टीकापुर नगरपालिकाले नगर उपप्रमुखको संयोजकत्वमा बजार अनुगमन समिति गठन गरेको भए पनि बन्दाबन्दीको समयमा एकपटक पनि अनुगमन हुन सकेको छैन । नगरपालिकाकी नगर उपप्रमुख केशरी विष्टले व्यापार व्यवसाय नै बन्द भएको समयमा अनुगमनको कुनै अर्थ नहुने बताए । 'सबै बजार बन्द छ । कता केको अनुगमन गर्ने ?' नगर उपप्रमुख विष्टले भने, 'अब सीमित समयका लागि बजार खोल्ने निर्णय भएको छ, त्यसैअनुसार बजार अनुगमनको काम अगाडि बढाउँछौं ।' उनले उपभोक्तालाई कालोबजारी भइरहेको तथ्य प्रमाण ल्याएर आउन आग्रह गर्दै दोषि देखिए जोकोहीलाई पनि कारवाहीको दायरामा ल्याउने बताए ।

दैनिक उपभोग्य सामानमध्ये चामल, दाल, तेल, खुर्सानी, तरकारी, माछा, मासुको मूल्य दोब्बरले नै वृद्धि भएको छ । व्यापारीले आफूहरुले सामान खरिद गर्दा पनि महँगोमा खरिद गरेको बताउँदै त्यसमा थोरै फाइदा खाएर बेच्नुपर्ने बाध्यता रहेको बताएका छन् । औषधि व्यवसायी सङ्घका अध्यक्ष शङ्करप्रसाद शर्माले होलसेलर व्यापारीले नै सामानको मूल्य बढाएको बताउँदै रहरले नभई महँगोमा बेच्नु आफूहरुको बाध्यता रहेको बताए । 'सामान नभए ग्राहक भड्किने डर ल्याएर बेचौँ भने महँगोमा बेच्नुपर्ने बाध्यता,' अध्यक्ष शर्माले भने, 'केही सामान भने बिचौलियाले कृत्रिम अभाव देखाएर बेच्नेसमेत गरेको सुन्नमा आएको छ । त्यसतर्फ अनुगमनको जिम्मा पाएका निकायको ध्यान जान जरुरी छ ।' टीकापुर उद्योग वाणिज्य सङ्घले पनि बन्दाबन्दीको समयमा मूल्य वृद्धि र कालोबजारी रोक्नका लागि समिति नै गठन गरेको थियो ।

# 'सरकारले उद्योग र व्यापारमा सहुलियत दिनुपर्छ'



**काठमाडौं/मस–** प्रतिनिधिसभाको शनिबारको बैठकमा विभिन्न दलका सांसद्ले कोभिड -१९ का कारण देशको अर्थतन्त्र नाजुक भएका अवस्थामा सरकारले उद्योग र व्यापारमा सहुलियत दिनुपर्ने माग गरेका छन् ।

बैठकमा विनियोजन विधेयक, २०७७ माथिको छलफलमा राष्ट्रिय जनता पार्टीका लक्ष्मणलाल कर्णले बजेट परम्परागत भएको पिप्पणी गर्दै भने, 'देशको अर्थतन्त्र नाजुक भएको अवस्थामा कम्तीमा उद्योग र व्यापारका लागि सरकारले सहुलियत दिनुपर्ने थियो तर दिएको छैन । गरीब किसानका लागि बीउ, मल अभाव छ, त्यसमा सरकारको ध्यान जान सकेको छैन, गरीबलाई उत्थान गर्ने सरकारको के योजना छ, त्यो स्पष्ट आउन सकेन ।' बजेट सबै हिसाबले समानुपातिक नभएको बताउँदै उनले माछा र कुखुरामा अहिले ठूलो लगानी भए पनि उचित बजारको व्यवस्था नभएको बताए ।

राष्ट्रिय जनता पार्टीकै रानी मण्डलले कोभिड-१९ नियन्त्रणका लागि पर्याप्त मात्रामा क्वारेन्टिन र आइसोलेशनको व्यवस्था गर्न माग गरे । राप्रपाका राजेन्द्रप्रसाद लिङ्देनले प्रधानमन्त्री रोगजार कार्यक्रमबाट लक्षित समुदायले लाभ लिन सकेका छैनन् भने । उनले भने, 'स्वास्थ्य क्षेत्रमा प्राप्त बजेटको व्यवस्था भए पनि त्यो लक्षित ठाउँमा पुग्न सकेको छैन, जहाँ पुग्नुपर्ने हो त्यहाँ पुग्न सकेको छैन, त्यसैले सरकारले बजेटमा मात्रै व्यवस्था गर्नेभन्दा पनि कार्यान्वयनमा जोड दिनुपर्छ ।'

नेपाल कम्युनिष्ट पार्टी(नेकपा)का देवेन्द्र पौडेलले मुलुक कोभिड-१९ बाट आक्रान्त बनेका अवस्थामा अस्पतालमा काम गर्ने चिकित्सकको मनोबल बढाउने खालका कार्यक्रम ल्याउनुपर्नेमा जोड दिए । नेपाली कांग्रेसका दिव्यमणि राजभण्डारीले कृषि क्षेत्रलाई प्रोत्साहन गर्ने प्रकृतिका कार्यक्रमलाई बजेटमा समावेश गर्न नसकिएको टिप्पणी गरे । उनले कोभिड-१९ को परीक्षण पिसिआर प्रविधिबाट गर्न आग्रह गरे ।

सङ्घीय समाजवादी पार्टीका रामसहायप्रसाद यादवले बजेट हेर्दा सरकार कोरोना नियन्त्रणमा गम्भीर नदेखिएको बताए । सोही दलका विमलप्रसाद श्रीवास्तवले उखु किसानका समस्या समाधान गर्नेतर्फ बजेटले ध्यान नसकेको बताए ।

# मेची–महाकाली विद्युतीय रेलमार्ग
# इनरुवा खण्डको काम शुरु

**काठमाडौं/रासस–** भौतिक पूर्वाधारको विकासलाई प्रमुख प्राथमिकतामा साथ अगाडि बढाएको सरकारले पूर्वपश्चिम विद्युतीय रेलमार्गलाई थप गति दिने भएको छ । मेची-महकाली विद्युतीय रेलमार्गको काकडभिट्टा-इनरुवा खण्ड निर्माणका लागि झापा जिल्लाभित्र पर्ने जग्गाधनीलाई मुआब्जा वितरणका लागि आवश्यक प्रक्रिया शुरु भएसँगै आयोजनाले थप गति लिने भएको हो ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मातहतको रेल विभागले झापादेखि मोरङ र सुनसरी खण्डको कूल १०६ किलोमिटर लामो रेलमार्ग निर्माणका लागि जग्गाधनीलाई मुआब्जा वितरण गरी काम शुरु गर्न लागेको हो । विभागले स्थलगतरूपमा अध्ययन गरी आज झापाको कूल दुई हजार बढीलाई मुआब्जा दिनका लागि प्रक्रिया अगाडि बढाएको हो । जिल्ला प्रशासन कार्यालय झापाले जग्गा प्राप्ति ऐन, २०३४ अनुसार सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सम्बन्धित जग्गाधनीले सम्पर्क राख्न भनेको छ ।

जिल्ला प्रशासन कार्यालय झापाले जग्गाधनी वा जग्गाको मोही वा निजको ऐनबमोजिम अधिकारप्राप्त वारेसले जग्गाधनी प्रमाणपुर्जा, मालपोत तिरेको रसिद तथा नेपाली नागरिकताको प्रमाणपत्रका साथमा सम्पर्क राख्न आग्रह गरेको छ ।

रेल विभागले रेलमार्गभित्र पर्ने जग्गामा बनेका घरटहरा, गोठ, पर्खाल वा रुख-बिरुवा, बोरिङ आदि समेत खुलाई आवेदन दिन भनिएको छ । विभागका महानिर्देशक बलराम मिश्रका अनुसार रेलमार्ग निर्माणका लागि पहिलो चरणको काम शुरु गरिएको हो । उनका अनुसार सो रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) समेत तयार भइसकेको छ । सरकारले आगामी आवका लागि तय गरेको नीति तथा कार्यक्रममा पूर्वपश्चिम रेलमार्गको काँकडभिट्टा-इनरुवा खण्डको निर्माणको काम पनि शुरु गर्ने विषयलाई नीति तथा कार्यक्रममा समावेश गरेको छ । पूर्वपश्चिम रेलमार्गको एउटा बाहेक सबै खण्डको विस्तृत परियोजना प्रतिवेदन तयार भइसकेको छ ।

# पौने तीन अर्ब लगानी भित्रियो

**काठमाडौं/रासस–** बन्दाबन्दीको पछिल्लो एक महिनामा विदेशी तथा स्वदेशीको लगानी रहने गरी उद्योगमा पौने तीन अर्ब रूपैयाँ लगानी भित्रिएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार एक महिनाका अवधिमा स्वदेशी चार र विदेशी ११ गरी १५ उद्योगमा रु दुई अर्ब ७४ करोड ९० लाख बराबरको लगानी स्वीकृत भएको छ ।

उद्योग विभागबाट ११ उद्योगमा रु ९२ करोड ७० लाख विदेशी लगानी र चार नयाँ उद्योगमा रु एक अर्ब ८२ करोड २० लाख स्वदेशी लगानी भित्रिएको मन्त्रालयका प्रवक्ता प्रकाश दाहालले जानकारी दिए । उनका अनुसार सबैभन्दा धेरै लगानी चीनबाट भित्रिएको छ । चीनबाट सात उद्योगमा रु ७२ करोड ७० लाख तथा भारत, दक्षिण कोरिया, नेदरल्याण्डस र मलेसियाबाट पाँचपाँच करोड भित्रिएका छन् ।

उनका अनुसार मन्त्रालयले औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २० मा व्यवस्था भएको औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको काममा सहयोग गर्न उद्योगमन्त्रीको संयोजकत्वमा उद्योग तथा लगानी क्षेत्रका प्रतिष्ठित व्यक्ति एवं सम्बन्धित क्षेत्रका विज्ञ रहने गरी एक उच्चस्तरीय औद्योगिक तथा लगानी नीति मञ्च गठन गरिएको छ ।

मञ्चलाई प्रचलित कानूनद्वारा बोर्डलाई तोकिएका कार्यका अतिरिक्त छिमेकी मुलुकको उद्योग तथा लगानीसम्बन्धी व्यवस्थाको अध्ययन गरी सिफारिस गर्ने एवं उद्योग तथा लगानी प्रवर्द्धनमा देखिएका क्षेत्रगत, प्रक्रियागत, प्रविधिगत सुधारका विषय, उद्योग र लगानी प्रवर्द्धनका लागि अर्थतन्त्रमा गर्नुपर्ने सुधार, रोजगारी अभिवृद्धि, उद्योग तथा लगानीको वातावरणीय पक्ष, प्रदेश तथा स्थानीय तहका उद्योग एवं लगानीसम्बन्धी विषयमा बोर्डलाई आवश्यक परामर्श तथा सुझाव दिन कार्यदिशा तोकिएको छ ।

सम्भव भएसम्म मुलुककै स्रोत र साधनको प्रयोग गरी मुलुकलाई आर्थिक एवम् औद्योगिक रूपमा टेवा पुऱ्याउने बानी बसालौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

COVID-19 NOVEL CORONA VIRUS (nCOV)
जनहितका लागि जारी जनचेतनामूलक सन्देश

नोबेल कोरोना भाइरस (Conid-19) का मूख्य लक्षणहरु

ज्वरो (१००.४° F भन्दा माथि)
श्वासप्रश्वासमा अत्याधिक समस्या
रूघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

कसरी आफू बच्ने र अरुलाई बचाउने ?

- नियमित रूपमा साबुन पानीले हात धुने ।
- खोक्दा र हाछ्यूँ गर्दा नाक र मुख छोप्ने ।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
- फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
- जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।

डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर नयाँ बसपार्कमा पनि खुलेको यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**